# लैंगिक हिंसा तथा यौनजन्य हिंसा न्यूनिकरण सम्बन्धी अभिमुखिकरण कार्यक्रमको प्रतिवेदन

(आ.व. २०८०/८१)

## अन्नपूर्ण गाउँपालिकाको कार्यालय

## पोखरेबगर, म्याग्दी



# परिचय तथा पृष्ठभूमि

लैंगिक हिंसा भन्नाले सार्वजनिक वा निजी जीवनमा लिङ्गको आधारमा कसै प्रति शारीरिक, मानसिक वा यौनजन्य क्षति वा पीडा पुऱ्याउने कार्यहरुलाई जनाउछ । लिङ्गको आधारमा हुने कुनै पनि प्रकारको अपमानजनक, पीडाजन्य वा धम्कीपूर्ण व्यवहार, दवाव, करकाप वा स्वेच्छाचारी रुपमा महिला, पुरुष वा अन्यलाई स्वतन्त्रताको उपभोग गर्नबाट वञ्चित गर्ने कुनै पनि कार्य लैंगिक हिंसा भित्र पर्दछन् । हिंसा समानता, विकास र शान्ति प्राप्त गर्ने मार्गको एक बाधक हो। हिंसाले पीडित व्यक्तिको मानव अधिकार तथा स्वतन्त्रताको उल्लंघन गर्दछ ।

लैंगिक हिंसाबाट महिला, पुरुष, बालबालिका वा अन्य जो कोही पनि पिडित हुन सक्छ। विश्वका अन्य देशमा जस्तै नेपालमा पनि महिला र किशोरीहरु लैंगिक हिंसाको पहिलो निसानामा पर्ने समूह हुन।लैंगिक हिंसाको जडका रुपमा हाम्रा सामाजिक मूल्य मान्यता र लैंगिक असमानताहरुले महिला तथा किशोरीहरु माथि हुने भेदभाव र हिंसालाई समाजले सहज रुपमा स्वीकार गर्ने गरेको पाइन्छ ।हाम्रो सामाजिक संरचनामा शिक्षा, स्वास्थ्य, रोजगार, सम्पत्ति र निर्णय प्रक्रियामा महिलाको कम पहुँच छ ।त्यसैगरी स्रोत परिचालन, शक्तिको प्रयोगमा महिलाको कम अवसर छ। त्यसैले लैङ्गिक हिंसाबाट बढी महिला पिडित हुने गरेका छन् तर लैंगिक हिंसा भनेको महिला माथि हुने हिंसा मात्र भने होइन ।

अन्नपूर्ण गाउँपालिकाको कार्यालयले लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म (तदनुसार मंसिर ९ देखि २४ गते) को अवसरमा **अन्तर्राष्ट्रिय नारा- "UNITE! INVEST TO PREVENT VIOLENCE AGAINIST WOMEN & GIRLS", राष्ट्रिय नारा- "लैङ्गिक हिंसा अन्त्यको सुनिश्चितताः महिला र बालबालिकामा लगानीको ऐक्यबद्धता"** भन्ने नाराका साथ अन्नपूर्ण-३, दाना र अन्नपूर्ण-६, घार वडामा बाल विवाह, प्रजनन स्वास्थ्य र लैंगिक हिंसा सम्बन्धि अभिमुखिकरण तथा गोष्ठी सञ्चालन गरेको हो भने ८ वटै वडाहरुमा विविध कार्यक्रम गरि अभियान संचलानका गर्न वडा कार्यालयमा पत्राचार गरि कार्यक्रमहरु संचालन गरिएको थियो ।

११४ औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा अन्तर्राष्ट्रिय नारा- "Invest in women: Accelerate progress" र राष्ट्रिय नारा- "महिलामा लगानीः सभ्य र समुन्नत समाजको थालनी" भन्ने नाराका साथ मार्च ८ (२०८०/११/२५) को अवसरमा सप्ताहव्यापी कार्यक्रम अन्तरगत **लैंगिक हिंसा तथा यौनजन्य हिंसा न्यूनिकरण सम्बन्धी अभिमुखिकरण कार्यक्रम** शिर्षक अन्तरगत रहेर विभिन्न लैंगिक तथा सामाजिक हिंसाहरुको विरुद्धमा अभियान सञ्चालन गर्ने, महिला अधिकारका सम्बन्धमा भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी

व्यवस्था, विद्यमान अवस्थाका विषय तथा लैंगिक समानता तथा सामाजिक समावेशीकरणका विषयमा भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यवस्थाहरु लगायत संयुक्त राष्ट्र संघिय सूरक्षा परिषद्द्वारा पारित प्रस्ताव नं. १३२५ र १८२० का बारेमा **महिला अधिकारका सम्बन्धमा अभिमुखिकरण, बहस तथा पैरवि गोष्ठी** सञ्चालनका गरिएको थियो।

## कार्यक्रमको लक्ष्य तथा उद्धेश्य

१. लैंगिक समानता तथा सामाजिक समावेशीकरण लगायत हिंसा सम्बन्धी भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी व्यवस्थाहरुका विषयमा अभिमुखिकरण गर्नु/गराउनु,

२. लैंगिक समानता तथा कुनै पनि हिंसा रहित समतामूलक समाजको निर्माण गर्नु/गराउनु,

३. सबै किसिमका विभेद र असमानता हटाउने प्रयास गर्नु/गराउनु,

४. व्यक्ति तथा समाजको सोच परिवर्तन गर्नु/गराउन प्रत्यन गर्नु,

५. प्रत्येक नागरिकलाई सचेतसभ्य र जिम्मेवारी बनाउनु , ।

## कार्यक्रमको उपलब्धीः-

कार्यक्रम जुन उद्देश्य तथा लक्ष्यका साथ आयोजना गरिएको थियो उक्त लक्ष्य प्राप्ती भएको महसुस गरिएको छ । गोष्ठीमा महिला अधिकारका सम्बन्धमा भएका कानुनी व्यवस्थाहरुको अभिमुखिकरण गरि अन्तरक्रिया मार्फत सहभागिहरुको जिज्ञासा, प्रश्नहरुको समाधान गरिएको थियो। १ दिने गोष्ठीमा कर्मचारी, जनप्रतिनिधि, आमा समूह, युवा क्लब, मेलमिलापकर्ता, न्यायिक समितिका पदाधिकारीहरु लगायत अन्य सहभागिहरुको उपस्थिति रहेको थियो।

गोष्ठीमा सहभागिहरुका लागि अन्नपूर्ण गाउँपालिका भित्र रहेका महिलाहरुको विद्यमान अवस्थाका बारेमा गाउँपालिका उपाध्यक्ष दिवा कुमारी तिलिजा ज्यूले जानकारी गराउनु भएको थियो । माननिय जिल्ला न्यायाधिश श्रीमान् प्रकाश प्रसाद पण्डित ज्यूले लैंगिक हिंसा सम्बन्धी कानुनी व्यवस्था अन्तरगत रहेर घरेलु हिंसा (कसुर र संजाय) ऐन, २०६६, मानव बेचबिखन तथा ओसारपोसार (नियन्त्रण) ऐन, २०६४,

कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१, बोक्सीको आरोप (कसुर र सजाय) विधेयक र सामाजिक कुरीतिको नाममा हुने बिभेद र हिंसा नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सम्बन्धमा अभिमुखिकरण गर्नुभएको थियो ।

कानुनका सामान्य कुराहरु, अदालती प्रक्रियाहरुका सम्बन्धमा श्रेस्तादार भोलाराज रेग्मीले विस्तृत जानकारी गराउनुभएको थियो भने महिला अधिकार, हिसां र कानुनी उपचारका साथसाथै फौजदारी संहितामा महिलाका सम्बन्धमा भएका कानुनी व्यवस्थाका विषयमा जिल्ला न्यायाधिवक्ता खेमराज पाठक ज्यूले अभिमुखिकरण गर्नु भएको थियो ।

गोष्ठीमा लैंगिक हिंसा, महिला अधिकारका सम्बन्धमा भएका कानुनी व्यवस्थाहरुका विषयमा अभिमुखिकरण पश्चात सहभागीहरुलाई अन्तरक्रियात्मक गराई सहभागीहरुको जिज्ञासा, प्रश्नहरुको सहजीकरण गोष्ठीका सहजकर्ताहरुले गर्नुभएको थियो । मेलमिलापकर्ताहरु र न्यायिक समितिमा बसेर कामगर्दा आइपरेका समसस्याहरुको समाधान गरिएको थियो भने सहभागिहरुको अदालती प्रक्रिया माथि रहेको गुनासो समेत फुकाइएको थियो र टिप्पणीकर्ताकाको जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृत श्री अमृत सुवेदी ज्यूले लिनुभएको थियो ।

## कार्यक्रम सञ्चालन विधिः-

- लैंगिक समानता तथा सामाजिक समावेशीकरण लगायत हिंसा सम्बन्धी भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी व्यवस्थाहरुका विषयहरु, बेइजिङ्ग घोषणापत्र लगायत संयुक्त राष्ट्र संघिय सुरक्षा परिषद द्वारा पारित प्रस्तावहरुका विषयमा अभिमुखिकरण, बहस तथा पैरवी र अन्तरक्रियात्मक कार्यक्रम सञ्चालन गरिएको,
- कार्यक्रम अन्नपूर्ण गाउँपालिकाको कार्यालयमा १ दिन संचालन गरिएको,
- कार्यक्रममा महिला, किशोरकिशोरी, जनप्रतिनिधि, नागरिक समाज, युवा क्लब, आमा समुह, विभिन्न संघ/सस्थाका पदाधिकारीहरु, कर्मचारी लगायत अन्य व्यक्तिहरुको उल्लेखनिय सहभागिता रहेको,
- कार्यक्रम अभिमुखिकरण, अन्तरक्रियात्मक रुपमा संचालन गरिएको,

- जनचेतना, अभिमुखिकरण, बहस तथा अन्तरक्रियाका लागि प्रशिक्षक/सहजकर्ताको रुपमा जिल्ला न्यायाधिश, जिल्ला न्यायाधिवक्ता र श्रेस्तादारले सहजीकरण गर्नुभएको।

## कार्यक्रमको विवरण-:

- कार्यक्रमको नामः- **लैंगिक हिसा तथा यौनजन्य हिंसा न्यूनिकरण सम्बन्धी अभिमुखिकरण कार्यक्रम**
- स्थानः- अन्नपुर्ण गाउँपालिकाको कार्यालय, पोखरेबगर, म्याग्दी
- बजेटः- रु. २२०,६७५।— (कार्यक्रमको बजेट रु. ३५०,०००।— मध्ये बाँकी बजेट रु. २२०,६७५- रुपैंया)
- लागत स्रोतः- अन्नपुर्ण गाउँपालिकाको कार्यालय
- सहभागिः- सबै वर्ग, क्षेत्र, जातजाति, समुदाय
- आयोजकः- अन्नपुर्ण गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, पोखरेबगर, म्याग्दी ।

## कार्यक्रमको लागत अनुमानः-

| क्र.सं. | विवरण | परिमाण | दिन | सेसन | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| 1 | ब्यानर | 1 | 3 | - | 1200 | 1200 | |
| 2 | प्रशिक्षण स्टेशनरी | 1 | 1 | 1 | 2500 | 2500 | |
| 3 | प्रशिक्षक पारिश्रमिक | 1 | 1 | 4 | 2500 | 10000 | |
| 4 | टिप्पणीकर्ता | 1 | 1 | 4 | 1000 | 4000 | |
| 5 | प्रशिक्षक यातायात खर्च | 3 | 2 | - | 1000 | 6000 | |
| 6 | खाना खर्च | 15 | 1 | - | 600 | 9000 | |
| 7 | खाजा | 100 | 1 | - | 200 | 20000 | |
| 8 | संयोजक/प्रतिवेदक | 1 | 1 | - | 3000 | 3000 | |
| 9 | सहभागी भत्ता | 95 | 1 | - | 800 | 76000 | |
| 10 | सहयोगी भत्ता | 3 | 1 | - | 150 | 450 | |
| 11 | सहभागी खाना, आवास खर्च | 87 | 1 | - | 1000 | 87000 | |
| 12 | विविध | 1 | 1 | - | 1525 | 1525 | |
| **जम्मा रकम** | | | | | | **220675** | |

## कार्यक्रमको वास्तविक लागतः-

| क्र.सं. | विवरण | परिमाण | दिन | सेसन | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| 1 | ब्यानर | 1 | 1 | - | 1000 | 1000 | |
| **2** | **प्रशिक्षक पारिश्रमिक** | **1** | **1** | **4** | **2500** | **10000** | |
| 3 | अन्तरक्रिया सहजकर्ता | 1 | 1 | 1 | 2500 | 2500 | |
| 4 | टिप्पणीकर्ता | 1 | 1 | 4 | 1000 | 4000 | |
| 5 | प्रशिक्षक यातायात खर्च | 4 | 2 | - | 1000 | 8000 | |
| 6 | खाजा, खाना | 1 | 1 | - | 17950 | 17950 | |
| 7 | संयोजक/प्रतिवेदक | 1 | 1 | - | 3000 | 3000 | |
| 8 | सहयोगी भत्ता | 3 | 1 | - | 150 | 450 | |
| **जम्मा रकम** | | | | | | **46900** | |

……………………

सविना थापा

प्रतिवेदक